# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्या : ०८०/०८१
चलानी नम्बर २२१०

मितिः २०८१/०२/२४
ने.सं. ११४४ बछलागा ३० बिहीवार

**शिक्षकको करार सूचीको लागि विज्ञापन गरिएको सूचना**
**पहिलो पटक प्रकाशन मितिः २०८१/०१/२५**
**दोस्रो पटक प्रकाशन मितिः २०८१/०२/२४**

उपर्युक्त सम्बन्धमा यस गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयमा विभिन्न तह र विषयमा रिक्त भएका र रिक्त हुने सम्भावना रहेका शिक्षक पदमा करारमा पदपूर्तिको लागि शिक्षकको करार सूची तयार गर्नुपर्ने भएकोमा पहिलो पटकको विज्ञापन सूचना अनुसार पर्याप्त मात्रामा दरखास्त आवेदन पेश हुन नआएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट योग्यताका आवश्यक कागजात सहित यस कार्यालयमा दरखास्त पेश गर्नुहुन पुनः विज्ञापन सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

| क्र.स. | विज्ञापन नं | तह | विषय | पद |
|---|---|---|---|---|
| १ | शिक्षा-०२/०८०/८१ | निम्न माध्यमिक | विज्ञान वा गणित | शिक्षक |
| २ | शिक्षा-०३/०८०/८१ | निम्न माध्यमिक | विज्ञान | शिक्षक |
| ३ | शिक्षा-०८/०८०/८१ | माध्यमिक | विज्ञान वा गणित | शिक्षक |
| ४ | शिक्षा-०९/०८०/८१ | माध्यमिक | विज्ञान | शिक्षक |

दरखास्त निवेदनसाथ पेश गर्नुपर्ने शैक्षिक योग्यता तथा अन्य कागजातहरू र विविध विषयहरूः

- दरखास्त निवेदन मालारानी गाउँ कार्यपालिकाको कार्यालयबाट उपलब्ध हुने छ । दरखास्त निवेदनमा तीन प्रति हालसालै खिचिएको पासपोर्ट साइजको फोटो दरखास्त दिन आउँदा साथमै लिएर आउनुपर्नेछ।
- शिक्षक सेवा आयोगले निर्धारण गरेबमोजिम सम्बन्धित तह र विषयको लागि तोकेका शैक्षिक योग्यताका कागजात सबै पेश गर्नुपर्ने छ ।
- परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगले निर्धारण गरेबमोजिम हुनेछ ।
- परीक्षाको मिति, समय र स्थान अर्को सूचनामा प्रकाशन गरिने छ ।
- निम्न माध्यमिक तहको लागि रू.७०० र माध्यमिक तहको लागि रू.१००० कार्यालयमा नगद बुझाई सोको भौचर दरखास्तसाथ पेश गर्नुपर्ने छ ।
- दरखास्त पेश गर्ने मिति र समयः मितिः २०८१/०२/२४ गतेदेखि २०८१/०२/३० गतेको कार्यालय समयसम्म मात्र ।
- शिक्षक सेवा आयोगले प्रकाशित गरेको करार सूचीको उम्मेद्वारको दरखास्तलाई शिक्षा नियमावली (सशोधन सहित), २०५९ बमोजिम विद्यालयको रिक्त शिक्षक पदमा नियुक्तिको लागि प्राथमिकता दिई सिफारिस गरिने छ ।

०२/२४

अशर जि.सी.
प्रमुख प्रशासकीय अधिकृत

**अशर जि.सी.**
**प्रमुख प्रशासकीय अधिकृत**


"कृषि, पर्यटन र सहकारी समृद्ध मालारानी"
ई-मेलः malaraniruralmun@gmail.com / info@malaranimun.gov.np वेबसाईट : WWW.malaranimun.gov.np


Scanned with CamScanner